नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# जापान अवार्डको नोमिनेसन



जापानको टोकियोमा पहिलोपटक हुन लागेको *सूर्य इन्टरनेसनल अवार्ड-२०१८ को* शनिबार राजधानीमा आयोजित एक समारोहबीच नोमिनेसन सार्वजनिक गरिएको छ। अवार्डको उत्कृष्ट ५ मनोनयन सार्वजनिक गरिएको हो।

आगामी भाद्र ३१ गते टोकियोमा हुने अवार्डमा फिल्म र संगीत क्षेत्रबाट ६/६ गरी १२ विधामा अवार्ड प्रदान गरिँदै छ। अवार्डमा फिल्मका लागि उत्कृष्ट फिल्म, नायक, नायिका, सहअभिनेता, सहअभिनेत्री तथा संगीततर्फ लोक, पप र आधुनिक गायक गायिक विधामा अवार्ड प्रदान गरिने आयोजकले जनाएका छन्।

अवार्डका लागि फिल्मतर्फ *छक्का पन्जा २, ए मेरो हजुर २, शत्रु गते, म यस्तो गीत गाउँछु* र *कृ* मनोनयमा परेका छन्। *निर्देशकको* विधामा दीपाश्री निरौला, अरूणा थापा, प्रदीप भट्टराई, सुर्दशन थापा र मिलन चाम्स मनोनयमा छन् भने अभिनेतामा अनमोल केसी, प्रदीप खड्का, पल शाह



पुष्पल खड्का र दयाहाङ राई तथा अभिनेत्रीमा साम्राज्ञी राज्यलक्ष्म शाह, पुजा शर्मा, श्वेता खड्का, शिल्पा पोखरेल र निता ढुंगाना मनोनयनमा छन्। त्यस्तै सह-अभिनेतामा केदार घिमिरे, बुद्धि तामाङ, सलोन बस्नेत, अनुपविक्रम शाही, प्रशान्त ताम्राकार तथा सहअभिनेत्रीमा वर्षा राउत, प्रियंका कार्की, केकी अधिकारी, अनु शाह र आशिस्मा नकर्मी मनोनयनमा परेका छन्।

सगीतको पप विधाअर्न्तगत गायकतर्फ सुगम पोखरेल, कमल खत्री, अनिल सिंह, कालीप्रसाद बास्कोटा र हिमाल सागर *गायिका*तर्फ इन्दिरा जोशी, अमृता लिम्बू, मिलन अमात्य, एन्जिला रेग्मी र रबिना थापा मनोनयनमा परेका छन्। आधुनिक गीतको गायकमा प्रमोद खरेल, शिव परियार, रामकृष्ण ढकाल, हेमन्त शर्मा र राजेशपायल राई, गायिकातर्फ अन्जु पन्त, मेलिना राई, रिता केसी, टीका प्रसाईं, सिर्जना खत्री, लोकगायकमा नविन पौडेल, रमेशराज भट्टराई, खुमन अधिकारी, रामजी खाँण र प्रकाश कटुवाल, लोकगायिका ज्योति मगर, रमिला न्यौपाने, सम्झना मगर, मुना थापा र देवी घर्ती मगर मनोनयनमा परेका छन्।

अवार्डलाई भोटिङ प्रक्रियामा सञ्चालन गर्न लागिएको अवार्डक अध्यक्ष बासुदेव लामिछानेले बताए। उत्कृष्ट ५ मनोनयमा परेका सबै विधामा विश्वभरबाट अनलाइन भोटिङ गर्न सकिने व्यवस्था मिलाइएको उनले बताए। अवार्ड समारोहमा कमेडी, नृत्य, गायनलगायतका बृहत साँस्कृतिक प्रस्तुतीहरू गरिनेछ।

# अनमोल लाइभमा



स्टार हिरो अनमोल केसीले लाइभ प्रस्तुति पस्कने भएका छन्। उनले देशका प्रमुख ४ शहर बुटवल, पोखरा, चितवन र बिर्तामोडमामा लाइभ प्रस्तुति पस्कनेछन्।

शनिबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा मोनिका इन्टरनेसनल ग्रुपले *अनमोल साँझ २०१८* अर्न्तगत अनमोललाई देशका ४ शहरमा प्रस्तुत गर्ने जनाएको छ। आगामी भदौ ९ गतेबाट शुरू हुने कार्यक्रमले आन्तरिक पर्यटन प्रवर्द्धन, कला सँस्कृतिको संरक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने तथा नेत्रहीन महिला संघ नेपाललाई सहयोग गर्ने उद्देश्य रहेको छ। कार्यक्रममा अनमोलले नृत्य तथा गायन प्रस्तुती दिनेछन्। यो कार्यक्रमका लागि अनमोलले पारिश्रमिक नलिएको कार्यक्रममा बताइएको छ। सामाजिक कार्यका लागि कार्यक्रम गर्न लागिएकाले आफूले पारिश्रमिक नलिएको अनमोलले बताए। 'अहिलेसम्म मैले सामाजिक कार्यका लागि भनेर कुनै काम गरेको थिइनँ। यो मेरा लागि ठूलो अवसर हो। साथै, फ्यान र गुडविसरसँग प्रत्यक्ष रुपमा भेट गर्न मलाई यो कार्यक्रमले ठूलो सहयोग गर्नेछ' कार्यक्रममा अनमोलले भने।

# राखी समस्यामा



बलिउड फिल्म नगरी तथा सानो पर्दामा चर्चित राखी सावन्तलाई कन्ट्रोभर्सी क्विनको नामले चिनिन्छ। उनी हरेक समय कुनै न कुनै विवादले घेरिइरहेकी हुन्छिन्।

यसपटक पनि उनले यस्तो काम गरेकी छिन्, जस्ले गर्दा उनी आफैं समस्यामा फसेकी छिन्। आफ्नो सामाजिक सञ्जालमा उनले सेयर गरेको एक भिडियोले उनलाई फेरी एकपटक टक अफ द टाउन बनाइदिएको छ।


राखीले आफ्नो इन्स्टाग्राम अकाउन्टमा उत्तरपूर्वी एक गायिकाले गाएको हिन्दी गीत सेयर गरेकी थिइन्। जस्मा देखिन्छ कि उनी भिडियोद्वारा महिलाको मजाक उडाइरहेकी छिन्। यो भिडियो देखेपछि मानिसहरूले उनलाई गाली गर्न शुरू गरेका छन्। ज्यानको धम्की पनि दिएका छन्।

उक्त भिडियोमा राखीले *जो वादा किया वो निभाना पडेगा* बोलको गीत गाइरहेकी छिन्। राखीले भिडियोको साथमा गुड मर्निङ स्विटहार्ट फ्रेन्डस लेखेकी छिन् भने यसमा प्रयोग गरिएको इमोजीबाट प्रस्ट हुन्छ कि उनी उक्त भिडियोको मजाक उडाइरहेकी छिन्। तर विरोधका बाबजुद उनले न उक्त भिडियो हटाएकी छिन्, न त माफी नै मागेकी छिन्।


MOGEN | The Ultimate BATHROOM INTERIOR
Available At:
HOME FURNISHERS PVT. LTD.
होम फर्निशर्स प्रा. लि.
"The Ultimate Bath Solution"
Showroom:
Tripureswor (Way to Thapathali)
Call: 4254601/ 4262240
Email: homefurnishers.nepal@gmail.com

## धरहरा

# आयो ! आएन !! आयो !!!



एसएलसीलाई 'फलामेढोका' भनिन्थ्यो, एसईईलाई पनि यही भनेर बुझ्छन् मान्छेहरू। बालमष्तिस्कमै फलामेढोका भन्ने परेपछि विद्यार्थी र अभिभावकलाई कसरी पार गर्ने/गराउने भन्ने डर नहुने कुरै भएन। मास्टर-मास्टर्नीलाई त भालुको कन्पट हुने भइहाल्यो, अपजसे पेसा। अरूलाई त पऱ्यो पऱ्यो परीक्षा नियन्त्रण कार्यालय (पनिका) लाई समेत यो फलामेढोका खोल्न औधि तनाव।

प्रत्येक वर्षजस्तै शनिबार पनि त्यस्तै चौपट पऱ्या देख्यो धरहराले पनिकालाई। कसरी देख्यो भनेर शंका गर्नुहोला नि फेरि। सुन्धारा र भक्तपुर कति टाढा छ र भन्या ? नेपाल टेलिकमले पनि आउँछ आउँछ भनेर बिहानै 'कटुवाल' कराउन लगायो। विश्वकप हेर्न छोडेर एसईईको नतिजाको प्रतीक्षामा बसेकाहरूको धैर्यताको बाँध नै फुटिसकेको थियो। पत्रकारको त्यही हैरान, किन ढाँटेको भनेर पत्रकारलाई जनता र आफन्तले ख्याउँ ख्याउँ कराएको कराऐै।

समाचार नै बहिष्कार हुने हो कि भनेर बडो चिन्ता लाग्या'थ्यो धरहरालाई, तै आयो आएन भन्दाभन्दै लास्टा नतिजा आएपछि धरहरालाई पनि 'रिलिफ' भो। अर्को वर्षदेखि यसरी बिहानैदेखि मान्छेलाई हैरान नपारेहुन्थ्यो पनिकाले अनि कनिका छरेझैं एसएमएस छरेर टिनिनिटिनिनी घण्टी नबजाइदिएहुन्थ्यो टेलिकमले ।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ